# सुर्नया गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## रौलेश्वर,बैतडी
## सुदुरपश्चिम प्रदेश

166052002


प.सं : २०७७/७८

च.नं. ११९८

मिति: २०७८।०२।१०

बिषय: पुर्व दर्ता (Pre-Registration) बारे

श्री स्वास्थ्य संस्थाहरु सबै

सुर्नया गाँपालिका,रौलेश्वर,बैतडी

उपरोक्त सम्बन्धमा स्वास्थ्य कार्यालयको प्राप्त पत्रानुसार आगामी दिनमा १८ वर्ष वा सो भन्दा माथिका झण्डै २ करोड नेपाली नागरीकहरुलाई कोभिड खोप दिनु पर्ने र उक्त समुह निकै ठुलो भएकाले अभियानको समयमा दर्ता गर्न निकै कठिनाई पर्न जाने विगतको अनुभव भएकाले सो कठिनाईलाई सहज बनाउनु र समयको बचत गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय बमोजिम पूर्व दर्ता गराउनको लागि Web site र App तयार गरिएकोले तपसिल बमाजिम गर्न गराउन हुन अनुरोध छ ।

कमलापति भट्ट

प्रमुख प्रशासकिय अधिकृत

तपसिल :

१. यो स्वैछिक फाराम भरेका १८ वर्ष वा सो भन्दा बढि उमेरका व्यक्तिहरुले प्राथमिकता र खोपको उपलब्धताको आधारमा खोप लगाउनु पाउने छन ।

- उक्त कार्यको लागि www.vaccine.mohp.gov.np मा लग ईन गरि आफ्नो विवरण अध्यावधिक गराउने र दर्ता नम्बर लिने ।
- यो स्वैच्छिक व्यक्तिगत आवेदन फाराम हो ।
- यो फाराम हाल खोप नलगाएका १८ वर्ष वा सो भन्दा बढि उमेरका व्यक्तिहरुलाई भर्न आव्हान गरिएको छ ।
- यो आवेदन फारामबाट प्राप्त भएका विवरण पालिका स्तरमा खोप सँग सम्बन्धित योजना तथा व्यवस्थापन गर्नका लागि सहज हुनेछ ।
- यो फाराम भर्ने वित्तिकै खोप लगाउने सुनिश्चितता जनाउदैन ।

२. Net Access नभएको पालिका वडाहरुमा स्वास्थ्य संस्थाहरुमा रजिष्टर राख्न लगाई पहिले नै दर्ता गर्ने र पालिकामा ल्याई प्रविष्ट गर्ने व्यवस्था मिलाउन हुन ।

३. रजिष्टरमा विवरण दर्ता गर्दा खोप कार्डमा भएको विवरण अनुसार मात्र दर्ता गर्न हुन ।

४. Net Access भएको ठाउँहरुमा तत्काल आफ्नो विवरण प्रिन्ट गरि सुरक्षित गर्न सकिने ।

५. अभियानको समयमा सबै खोप केन्द्रहरुमा Net Access नहुने भएकोले अनिवार्य रुपमा रजिष्टर राख्न लगाउने र पछि संस्था वा पालिकाको लागि प्रविष्ट गराउन हुन ।

६. यसरी अनलाईन दर्ता गर्ने हरुको हकमा अभियानको बेलामा प्राथमिकतामा राखि खोप लगाउने व्यवस्था मिलाउन हुन ।


E-mail: surnayagaupalika@gmail.com


"सक्षम निजामती प्रशासन विकास समृद्धि र सुशासन"